# आर्थिक वर्ष २०८२/०८३ को
# बजेट वक्तव्य


पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पडेक्षा, कालिकोट


२०८२

## पचालझरना गाउँपालिकाको गाउँसभा अधिवेशनको १४ औं बैठकमा उपाध्यक्ष श्री अल्किना बम ज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को
बजेट वक्तव्य

पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पडेक्षा, कालिकोट
२०८२

**यस सभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरू,**
**गाउँसभाका सचिव ज्यू,**
**अन्य राष्ट्रसेवक कर्मचारी ज्यूहरु,**
**पत्रकार तथा सञ्चारकर्मी ज्यूहरु,**
**सुरक्षाकर्मीहरु तथा आम पचालझरना बासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरु सबैमा हार्दिक नमस्कार तथा अभिवादन व्यक्त गर्दछु ।**

१. यस पचालझरना गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष **२०८२/८३** को बार्षिक बजेट प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । नेपाली जनताले ईतिहासका विभिन्न कालखण्डमा स्वतन्त्रता प्राप्तिको लागि गरेका जनसंघर्ष, १० वर्षे महान जनयुद्ध, ऐतिहासिक मानिएको ०६२/०६३ को १९ दिने जनआन्दोलन र मधेश आन्दोलनको जगमा खडा भएको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाले हामीलाई दिगो शान्ति, स्थायीत्व, विकास र समृद्धिको वैज्ञानिक यात्रा तर्फ लम्किने ऐतिहासिक अबसर प्रदान गरेको छ । यस महत्वपुर्ण घडिमा देशलाई संघीय लोकतान्त्रीक गणतन्त्रको युगसम्म पुर्याउने क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात महान सहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय व्यक्तित्वहरुमा भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, आत्मसम्मान र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाजको निर्माण तथा विकास र समृद्धिको मार्गमा एकताबद्ध रहेका यस पचालझरनावासी जनता र राजनीतिक नेतृत्व प्रलि उच्च सम्मान भाव प्रकट गर्न चाहान्छु ।

२. यस पचालझरना गाउँपालिकाले यस अघि ७ वटा बजेट तथा कार्यक्रम तर्जुमा गरि पुर्ण रुपमा कार्यान्वयन गरिसकेको छ र चालु आ. व. को बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको अवस्था छ । यस अबस्था सम्म आई पुग्दा आज सम्म प्राप्तगरेका ऐतिहासिक उपलब्धीको रक्षा सगैं संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य, समन्वय र सहअस्तित्वबाट श्रोत, साधन र अवसरको अलधिकतम परिचालन गर्दै पचालझरनावासीको विकास र सकारात्मक परिवर्तन प्रतिको तिब्र चाहना एवं जनआकांक्षा बमोजिम नेपाल सरकारको राष्ट्रिय आकंक्षा "समृद्ध नेपाल, सुखी नेपाली" र यस पचालझरना गाउँपालिकाको "समृद्व पचालझरना, हाम्रो चाहना" को सपनालाई साकार पार्ने आधारशिला तयार भएको छ । यस पचालझरना गाउँपालिकाको दिर्घकालिन सोच "समृद्व पचालझरना, हाम्रो चाहना" लाई मुर्तरुप दिन "शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी, कृषि तथा पशुपालन, सहकारीको विकास र पूर्वाधारःपचालझरना समृद्विका सात आधार" लाई रणनैतिक विकासकाको मूलमन्त्र बनाई, नेपालको संविधान, २०७२ मार्फत स्थानीय तहलाई प्रदत्त संवैधानिक अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेका प्रावधान, सोह्रौं पञ्चबर्षिय आवधिक योजना, दिगो विकास लक्ष्य, २०३० का सुचकको प्राप्ति सँग तालमेल हुनेगरि पचालझरना गाउँपालिकाको आवश्यकता, श्रोत साधनको उपलब्धता, संस्थागत क्षमताका आधारमा **आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ ।**

**आदरणीय सभाध्यक्ष तथा सदस्य ज्यूहरु,**

**३.** संघीय सरकार र प्रदेश सरकारहरुले पनि आगामी आर्थिक बर्षको लागि बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिसकेका छन । खासगरी विगतका केही वर्ष यता देशको राष्ट्रिय अर्थतन्त्रमा देखिएको संकुचनको अबस्था आजको समयसम्म पनि आवश्यक तथा आशातित रुपमा अझैं लयमा आउन सकेको देखिदैन ।यही पृष्ठभूमिका बीचमा आज हामी यस पचालझरना गाउँपालिकाको सम्मानीत सभामा आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम पेश गर्न गईरहेका छौं ।सिमित श्रोत साधनबाट असिमित आवश्यकताको परिपुर्ती गर्नु आफैंमा एक चुनौतीपूर्ण कार्य हो । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न किसिमका अनुदान रकममा आएको संकुचन, आशातित रुपमा संकलन हुन नसकेको राष्ट्रिय राजश्व, अनि हाम्रो जस्तो चाहेर पनि आन्तरिक श्रोतको दायरामा वृद्धि गर्न नसकिने गाउँपालिका, यसका साथै राज्यलाई कर तिर्नु नागरिक कर्तव्य हो भन्ने सम्बन्धमा रहेको कमजोर नागरिक चेतना हाम्रो गाउँपालिको आर्थिक स्रोत अभावका मुख्य कारणहरु हुन् । यस्ता विविध समस्या तथा चुनौतीहरुको सामना गर्दै सिमित श्रोत साधनको प्रभावकारी उपयोग बाट समस्यालाई सम्भावनामा परिणत गरि योजनाबद्व रुपमा समृद्व पचालझरना निर्माण गर्ने कुरामा पचालझरना सरकार प्रतिबद्व रहेको जानकारी गराउन चाहान्छु ।

४. अब म आगामी आर्थिक वर्षको लागि बजेट, योजना तथा कार्यक्रमहरको तर्जुमा गर्दा अपनाइएका मुख्य-मुख्य आधार तथा विधिहरुको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

क) नेपाली जनताको करिब ६ दशक लामो संघर्ष र प्रतिक्षाको प्रतिफल स्वरुप नेपालमा विद्यमान रहेको केन्द्रिकृत एकात्मक शासन व्यवस्थालाई संघीयता सहितको लोकतान्त्रीक शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान, २०७२ जारी भई लागु भएको हामीहरू सबैलाई विदिदै छ । सोही शिलशिलामा केन्द्रमा रहेका अधिकारहरु प्रदेश तथा स्थानीय सरकारहरूमा हस्तान्तरण भई कार्यान्वयन भईरहेको अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात प्रत्येक वर्ष आषाढ १० गते भित्र स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षका लागि आफ्नो नीति, योजना तथा कार्यक्रमहरू आ-आफ्नो सभामा पेश गर्नु पर्ने कानूनी व्य वस्था रहेको छ ।

**ख)** आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरू लाई वडा समितिहरुले योजना तथा कार्यक्रमहरुलाई वडा समितिको बैठकमा समेत छलफल भई निश्चित मापदण्डका आधारमा प्राथमिकीकरण गरी विभिन्न विषयगत समितिहरुमा पेश गरि सो समितिहरुबाट आवश्यक छलफल सहित पुनः प्राथमिकीकरण गरि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्यहरु गर्नु भन्दा पहिला स्थानीय सरकारले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि समानीकरण, सशर्त, विशेष, समपुरक अनुदान तथा राजश्व बाँडफाँड मार्फत आगामी आ.व. को लागि बजेट सिलिङ प्राप्त थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दर र दयराको सम्बन्धमा विश्लेषण गरि आगामी आर्थिक वर्षका लागि यस पचालझरना गाउँपालिकाको आन्तरिक आयको प्रक्षेपण भएको छ । यस गाउँपालिकामा अध्यक्ष ज्यूको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले आन्तरिक आय प्रक्षेपण तथा संघ र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही आगामी

आर्थिक वर्षका लागि कुल बजेट सिलिङको सिमा निर्धारण गरेको छ । बजेट तथा कार्यक्रम तर्जुमाका लागि गाउँकार्यपालिकामा विभिन्न विषयगत समितिहरु रहेका छन, वडा समितिले बस्तीस्तरमा छनौट गरि प्राथमिकीकरण गरेर ल्याएका आयोजना तथा कार्यक्रमहरु उक्त समिति तथा समूहमा छलफल गरिएका छन्, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा यस गाउँपालिकामा रहेका सरोकारवालाहरु सँगको प्रत्यक्ष छलफल तथा अन्त्रक्रिया बाट प्राप्त सुझाव समेतलाई समेटि बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आ.व. को बजेट तथा कार्यक्रम तर्जुमा गरि कार्यपालिकाको बैठक बाट स्वीकृत भई छलफलका लागि आज यस सभामा पेश गरिएको छ ।

ग) अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि बजेट तथा कार्यक्रम तयार पार्दा लिइएका संवैधानिक, कानुनी, नीतिगत, कार्यक्रमगत तथा अन्य दस्तावेजसहितका आधारहरूको बारेमा संक्षेपमा जानकारी गराउन चाहन्छु ।

- नेपालको संविधान,
- नेपाल सरकारको सोह्रौ योजना (२०८१/०८२-२०८९/०९०),
- पचालझरना गाउँपालिकाको आवधिक विकास योजना,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७,
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,
- पचालझरना गाउँपालिकाको सार्वजनिक खरिद ऐन, तथा नियामावली, २०८१,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन (परिमार्जित),
- नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम,
- नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य,
- कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र वजेट वक्तव्य,
- पचालझरना गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम,
- नेपाल सरकारले बेला बेलामा गरेका नीतिगत निर्णयहरु,
- सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गने सम्बन्धी नीलिगि मागिदशिन, २०७५
- दीगो विकास लक्ष्यहरू,
- बजेट तर्जुमा सम्बन्धी प्रचलित नेपालका कानूनका सान्दर्भिक दफा तथा नियमहरू ।
- नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु ।

**अध्यक्ष महोदय,**

५. अब म **आर्थिक बर्ष २०८२।०८३** को बजेटका उद्देश्य तथा प्राथमिकताहरु यस सभा समक्ष पेश गर्न चाहान्छु ।

क) बजेटका उद्देश्यहरुः

- स्वास्थ्य, शिक्षा, रोजगार, वातावरण संरक्षण लगायतका नागरिकका मौलिक हकहरुको परिपुर्ति गर्दै यस पचालझरना गाउँपालिकावासी नागरिकहरुको जीवनको स्तरमा **गुणात्मक सुधार ल्याउने,**
- गाउँपालिकामा उपलब्ध सिमित श्रोत, साधनको अधिकतम सदुपयोग गर्दै **दिगो आर्थिक वृद्दि गर्ने,**
- विकासको प्रतिफल समानुपातिक रुपमा वितरण गरि **समतामुलक समाजको निर्माण गर्ने,**

- भौतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक पूर्वाधारहरुको विकास मार्फत **"समृद्ध पचालझरना, हाम्रो चाहना"** को दिर्घकालिन सोच हाँसिल गर्ने,

ख) बजेटका उदेश्यहरु हाँसिल गर्न तपशिल बमोजिम प्राथमिकताहरु निर्धारण गरेको छ ।

- कृषि, कृषक, कृषक समुह, कृषि सहकारीको परिचालन मार्फत कृषिको व्यवसायीकरण गरि कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउने,
- युवा परिचालन, युवा सशक्तिकरण, उद्यमशिलताको विकास, युवा साझेदारी मार्फत स्वरोजगारको प्रर्वद्वन गरि रोजगारका अबसर सिर्जना गर्ने,
- शैक्षिक रुपान्तरण अभियान मार्फत शैक्षिक गुणस्तरमा वृद्धि, स्वास्थ्य संस्थाको संस्थागत क्षमतामा वृद्धि गरि आर्थिक, सामाजिक रुपान्तरणमा योगदान गर्ने,
- यस पालिका भित्र रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरुको पहिचान गरि पर्यटन प्रर्वद्वन मार्फत आर्थिक विकासको आधार तयार गर्ने,
- जल, जमिन तथा जडिवुटिको पहिचान, उत्खनन्, उत्पादन र बजारीकरणका लागि आवश्यक नितिगत, संरचनागत तथा भौतिक पुर्वाधारको विकास गर्ने ,
- यस पालिकामा रहेका ग्रामिण सडकहरुलाई कर्णाली प्रदेशको "लाईफ लाईन" को रुपमा रहेको कर्णाली करिडोर सँग जोडि सडक यातायात, व्यापार र उत्पादनको बजारीकरण पहुँच सुनिश्चित गर्ने,

अध्यक्ष महोदय,

६. अब म यस सम्मानित सभामा आगामी **आ.व. २०८२/०८३** को बार्षिक आयको अनुमानित विवरण पेश गर्न अनुमति चाहान्छु । आगामी आर्थिक बर्षको लागि अनुमानित कुल बजेट रु. **४३ करोड ८६ लाख २९ हजार ३ सय ५२** हुने प्रारम्भिक अनुमान गरिएको छ । जसमा आय तर्फ नेपाल सरकार बाट प्राप्त वित्तिय समानिकरण अनुदान रकम रु. **८ करोड ८९ लाख** रहेको छ, संघीय समपुरक अनुदान स्वरुप रु. **८० लाख** प्राप्त भएको छ, संघीय विशेष अनुदान तर्फ रु. ४ करोड प्राप्त भएको छ, नेपाल सरकार बाट प्राप्त सशर्त अनुदान तर्फ **रु. १७ करोड ५७ लाख** रहेको छ, संघीय राजश्व बाँडफाँड तर्फ जम्मा **८ करोड ५५ लाख ७३ हजार ३ सय ५२ रुपैंया** रहेको छ भने प्रदेश सरकार बाट प्राप्त वित्तिय समानिकरण अनुदान तर्फ रु. **१ करोड १२ लाख** रहेको छ, यसैगरि प्रदेश सरकार सशर्त अनुदान तर्फ **रु. २ करोड १५ लाख २५ हजार** रहेको छ, कर्णाली प्रदेश सरकार विशेष अनुदान तर्फ रु. **५० लाख** प्राप्त भएको छ, र प्रदेश राजश्व बाँडफाँड बाट प्राप्त रकम **रु. ४ लाख ७६ हजार** रहेको छ । आगामी आ.व. मा कर्णाली प्रदेश सरकार समपुरक अनुदान तर्फ कुनै पनि रकम प्राप्त हुन सकेन यसैगरी आन्तरिक आयश्रोत तर्फ **रु. २२ लाख** प्राप्त हुने अनुमान गरिएको छ । यस आर्थिक बर्षको बचत रकम कति रहने भन्ने सम्बन्धमा निक्यौंल हुन बाँकि रहेकोले माथि अनुमानित कुल बजेटमा केहि वृद्धि हुने अनुमान गरिएको छ ।

**अध्यक्ष महोदय, अब म आगामी आ.व. को व्ययको अनुमानित विवरण गर्न चाहान्छु,**

७. आगामी आर्थिक बर्षको लागि चालु खर्च तर्फ जम्मा **२७ करोड ९१ लाख ३२ हजार ३ सय ५२ रुपैंया** विनियोजन गरिएको छ । जसमध्ये कार्यालय सञ्चालन सहित सुशासन तथा संस्थागत विकास समिति तर्फ जम्मा **रु. ८ करोड २० लाख** विनियोजन गरिएको छ । संघीय सरकारले वृद्धि गरे अनरुप राष्ट्रसेवक कर्मचारीको **महङ्गि भत्तामा मासिक रु.** ३००० वृद्धि गरिएको छ । यसैगरि सामाजिक विकास

समिति अन्तर्गत आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा तर्फ जम्मा **१ करोड ४१ लाख ५७ हजार रुपैंया** विनियोजन गरिएको छ । शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ **१ करोड ८८ लाख ७० हजार रुपैंया** विनियोजन गरिएको छ ।

८. लक्षित वर्गको क्षमता विकास, सामाजिक उत्थान, समावेशीकरण, लक्षित कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । दलित वर्ग, अशक्त अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाती, भौगोलिक, लैङ्गिक रुपमा पिछडिएको वर्गको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाईएको छ । महिला, विकास तथा बालबालिका सम्बन्धी कार्यक्रमको निम्ति **रु. १३ लाख २५ हजार** विनियोजन गरिएको छ । बहुक्षेत्रीय पोषण तर्फ **रु ४ लाख ६५ हजार** विनियोजन गरिएको छ ।

९. पर्यटन प्रर्वद्वन तर्फ जम्मा **रु. १५ लाख** विनियोजन गरिएको छ । यस पचालझरना गाउँपालिकाको पर्यटन क्षेत्रलाई प्रवर्द्वन गर्नको लागि देशकै अग्लो हाम्रो पचालझरनाको प्रचार प्रसारको **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ ।

१०. सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी कार्यलाई चुस्त दुरुस्त बनाई लक्षित वर्ग मैत्री बनाउन, पञ्जिकरण शाखामा कार्यरत जनशक्तिको क्षमता विकास गर्नको **रु. ४ लाख** विनियोजन गरिएको छ ।

११. संघीय सरकारको समृद्व नेपाल, सुखी नेपाली र कर्णाली प्रदेश सरकारको समृद्व कर्णाली, सुखारी कर्णाली वासीको दिर्घकालिन सोच सहित यस गाउँपालिकाको समृद्व पचालझरना, हाम्रो चाहनाको सपना साकार गर्नको लागि दिगो र समावेशी आर्थिक वृद्वि सहित सामाजिक न्याय सहितको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको गर्दै आर्थिक समानतामा आधारित समतामुलक समाजको परिकल्पनाको लागि आर्थिक क्षेत्रमा अर्थपुर्ण कदम चाल्नको लागि आर्थिक विकास समिति अन्तर्गत गाउँपालिका बाट कृषि विकास तर्फ **रु १० लाख ७५ हजार** विनियोजन गरिएको छ । पशुसेवा शाखा तर्फ गाउँपालिका बाट **रु. १२ लाख १५ हजार** र संघीय विशेष अनुदान बापत चालु तर्फ कृषि तथा पशुपंक्षी विकास मार्फत जीविकोपार्जन सुधार कार्यक्रमको लागि **रु. १ करोड ६५ लाख** विनियोजन गरिएको छ । उद्यम विकास तर्फ गाउँपालिका बाट **रु २१ लाख ३५ हजार** विनियोजन गरिएको छ । यसैगरि पालिकाको आन्तरिक आम्दानीलाई क्रमश सुधार गर्दै आत्मनिर्भरता तर्फ उन्मुख हुन कर तथा गैरकर राजस्वका दर र दायरालाई विश्लेषण तथा विस्तार गर्दै यस पालिकाका नागरिकलाई स्वंयम कर तिर्ने परिपाटिको विकास गर्नको लागि राजस्व सुधार कार्ययोजना निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ । राज्यको तीन खम्बे अर्थनीतिलाई मुर्तरुप दिन सहकारीको अर्थपुर्ण विकास गर्दै यस पालिकामा रहेका सहकारी संस्थाहरुलाई पुनःजागृत गराई सबल अर्थतन्त्र निर्माणको लागि सहकारी कर्मीको सशक्तिकरण, सहकारीको प्रभावकारीको सञ्चालन तथा व्यवस्थापनको लागि **रु. ५ लाख २० हजार** विनियोजन गरिएको छ ।

१२. यस पचालझरना गाउँपालिकाको भौतिक पुर्वाधारको विकासलाई दिगो, भरपर्दो, विपदजन्य प्रकोपबाट सुरक्षित रहने गरि निर्माण कार्य लाई व्यवस्थित र वैज्ञानिक बनाउन कानूनी तथा नीतिगत मापदण्डहरु निर्माण गर्नको लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

१३. प्राकृतिक तथा मानवीय विपद्हरुबाट यस गाउँपालिकाका आमनागरिकहरुको धनजनको सुरक्षा गर्दै स्थानीय सरकारको अनुभुति दिलाउने गरि रु. **१५ लाख** बराबरको **विपद् व्यवस्थापन कोष** खडा गरिएको छ । हरियो वन नेपालको धन को राष्ट्रिय आंकाक्षालाई आत्मसात गर्दै यस क्षेत्रको दिगो वन विकास र वातावरण संरक्षणको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

१४. आगामी आर्थिक वर्षको लागि पुजीगत खर्च शिर्षक तर्फ आर्थिक विकास क्षेत्रमा **रु. २० लाख**, सामाजिक विकास अन्तर्गत श्री पंगेली मा.वि. नुवाघरको २ कोठे भवन निर्माणको लागि **रु. २० लाख,** पञ्च कालिका मा.वि. घेरबार आयोजनाको लागि **रु. ५० लाख**, गुणस्तरिय शिक्षाको लागि आई. सि. टि. कार्यक्रममा **रु. २ करोड ३५ लाख,** भौतिक पुर्वाधार विकास क्षेत्र अन्तर्गत वडा कार्यालयको संरचना निर्माण, सडक स्तरोन्नती, घोरेटो बाटो निर्माण, खानेपानी संरचना निर्माण लगायतका पुर्वाधार निर्माणको लागि **रु. १० करोड ५५ लाख ९८ हजार**, वन वातावरण तथा विपद व्यव्यस्थापन क्षेत्रमा **रु. ३ लाख**, संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा **रु. १० लाख** गरी कुल **रु. १३ करोड ६० लाख ९८ हजार** रकम विनियोजन गरिएको छ ।

१५. आगामी आर्थिक बर्षमा केहि आयोजनाहरु संघ र प्रदेश सरकारको सहयोगमा सम्पन्न हुने छन् ।संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकाको साझेदारीमा रोजगार सेवाकेन्द्र बाट संचालन हुने पुर्वाधार विकास सँग सम्बन्धित आयोजनाको लागि **२ करोड १० लाख ४४ हजार** विनियोजन गरिएको छ । यसैगरि वडा नं. ६ को वडा कार्यालयको भवन संघीय सरकारको समपुरक अनुदानमा सम्पन्न गर्ने गरी रु. **१ करोड** बजेट विनियोजन गरिएको छ ।

१६. गाउँपालिकाको योजना निर्माण प्रकृयालाई लोकतान्त्रीक बनाउन तथा वडा सरकारहरुलाई समेत विकास आयोजनाहरू छनौट गर्ने स्वायत्तता मिलोस भनी प्रत्येक वडालाई न्युनतम **रू. १५ लाखका** दरले जम्मा **रु. १ करोड ३५ लाख को** बजेट सीमा भित्र रही आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईएको छ। प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितता बाट प्राप्त आयोजनालाई हुबहु योजना पुस्तिकामा प्रस्तावित गरिएको छ ।

१७. यस पचालझरना गाउँपालिकाको समग्र विकासका लागि कृषि तथा फलफुल, पशु, पर्यटन, पुर्वाधार क्षेत्रको विकास गर्नु नै हाम्रो पहिलो शर्त रहेको छ । त्यसैले कृषि क्षेत्रको प्रवर्द्धन तथा परम्परागत कृषि प्रणालीलाई निरुत्साहित गरि आधुनिक प्रणालीको विकास गरि यस गाउँपालिकाको विभिन्न वडामा भुगोल र माटो सुहाँउदो कृषि तथा फलफुल खेती गर्न तथा पशुपालन व्यवसायलाई उच्च प्राथमिकतामा राखि उक्त क्षेत्रको विकासमा टेवा पुर्याउने कार्यक्रमहरु प्रस्ताव गरिएको छ । यस पचालझरना गाउँपालिकाको नीती तथा कार्यक्रममा उल्लेख भए बमोजिम यस पालिकाको कृषि, फलफुल तथा पशुपालन क्षेत्रको विकास गरि पालिकाको स्थानीय अर्थतन्त्रलाई सबल र सक्षम बनाउन, कृषि पेशालाई मर्यादित बनाउन, यस पालिकाका नागरिकलाई कृषि पेशामा आकर्षित गर्न, कृषि उद्यमीलाई प्रोत्साहित गर्न उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । वास्तविक कृषकको पहिचान गरि कृषि उत्पादनलाई थप प्रभावकारी बनाउन कृषि सामाग्रीमा अनुदान, निशुल्क विउ विजन वितरण, अगुवा कृषकलाई क्षमता विकास सम्बन्धी तालिम प्रदानको लागि **रु . ६ लाख** बजेट विनियोजन गरिएको छ ।

१८. जनसहभागितामा आधारित शासन प्रणालीको सिद्वान्त अनुरुप पालिकाको आर्थिक, सामाजिक, भौतिक विकासमा यूवाको सहभागितालाई सुनिश्चित गर्न, आर्थिक, सामाजिक रुपान्तरणमा युवाको भुमिका अभिवृद्धि गर्न, दक्ष युवालाई पालिकामै टिकाई राख्न तथा युवा शसक्तिकरण र परिचालनका लागि आवश्यक बजेट को व्यवस्थापन गरिएको छ।

१९. करार सेवामा कार्यरत राष्ट्र सेवक कर्मचारीलाई निजको कार्य सम्पादन र मुल्याङ्नको आधारमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्व गर्नको लागि **२० लाख २८ हजार ३ सय १५ रुपैंया** विनियोजन गरिएको छ ।

अन्त्यमा,

२०. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र वस्तीस्तर बाट आयोजना तथा कार्यक्रम छनौट गनि सहयोग पुर्याउने वडा अध्यक्ष ज्यू, वडा सदस्य ज्यूहरु, राजनितिक दलहरु, नागरिक समाज, बिभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सम्पुर्ण सदस्यहरुका साथै यस प्रक्रिया प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्ने राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । प्रस्तुत आर्थिक ऐन तथा विनियोजन ऐनमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेट गाउँ सभाबाट पारीत गरी प्रस्तुत बजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गरिदिन हुन सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु । साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, संघ संस्थाहरु, पत्रकार ज्यूहरु, सबै क्षेत्रका विशिष्ट महानुभावहरु एवं राष्ट्र सेवक कमिचारीहरुमा हार्दिक अनुरोध गर्दछु, धन्यवाद ।

<u>प्रस्तुत कर्ताः</u>

अल्किना बम

उपाध्यक्ष

पचालझरना गाउँपालिका, कालिकोट

मितिः२०८२/०३/०६